आ.व.२०८१/८२ को तेस्रो कार्यपालिका बैठक भाद्र २८, २०८१, ने.स. ११४४, अलाथ्य, दशमी, शुक्रवार

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | नदी किनार आसपास लगाईएका ठेक्का सम्वन्धमा | १. वडा नं. ९ स्थित सामुदायिक सेवा समिति तथा प्रहरी चौकी भवन निर्माणको लागि ठेक्का ( ठेक्का नं. ३६/NCB/TM/W/२०८०-८१ ) आव्हान भई ठेक्का मूल्याङ्कनको क्रममा रहेकोमा सम्मानित सर्वोच्च अदालतबाट नदीको दाँयाँबायाँ थप २० मिटर क्षेत्रलाई निर्माण निषेधित क्षेत्र तोकि सो क्षेत्रमा कुनै निर्माण कार्य नगर्नु भन्ने आसयको आदेशको पूर्ण पाठ जारी भएको र प्रस्तावित भवनको निर्माण स्थल थप २० मिटर क्षेत्रभित्र पर्ने भएकोले हाललाई प्रस्तावित भवन निर्माणको ठेक्का रद्ध गरी सम्वन्धित ठेक्का प्रकृयामा संलग्न निर्माण व्यवसायीको वोलपत्र जमानत फिर्ता गर्ने ।<br>२. वडा नं. ३,६ र ८ स्थित टोखा प्रहरी प्रभागको तल्लो भाग झुडोल तर्फ जाने पुल आसपास विष्णुमति करिडोरमा वाल निर्माणको लागि ठेक्का (ठेक्का नं. ३८/NCB/TM/W/२०८०-८१) आव्हान भई मूल्याङ्कनको क्रममा रहेकोमा हाल सम्म अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट विष्णुमति नदीको वहाव क्षेत्र एकिन भई नसकेको र सम्मानित सर्वोच्च अदालतबाट नदीको दायाँबायाँ थप २० मिटर क्षेत्रलाई समेत नदीको क्षेत्र मान्ने आशयको आदेश जारी भई प्रस्तावित निर्माण कार्यको वास्तविक निर्माणस्थल पहिचान सम्वन्धमा स्थानीयबासीहरु समेत एकमत हुन नसकेकोले हाललाई प्रस्तावित वाल निर्माणकोको ठेक्का रद्ध गरी सम्वन्धित ठेक्का प्रकृयामा संलग्न निर्माण व्यवसायीको वोलपत्र जमानत फिर्ता गर्ने । |
| ३ | संविधान दिवस मनाउने सम्वन्धमा | संविधान दिवस तथा राष्ट्रिय दिवस,२०८१ मूल समारोह समितिको बैठकबाट अनुमोदित कार्यक्रम सहित संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ असोज २,३ र ४ गते तिन दिन सम्म टोखा नगरपालिका भरी भव्यताका साथ मनाउने । असोज ३ गते नगरपालिकाको मौलिक सौंस्कृतिक झाँकी सहित नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी एवं नगरवासीको टोली टुँडिखेलमा हुने कार्यक्रममा सहभागि हुने सबै महानुभावहरुलाई खाजा/पानी/यातायातको व्यवस्था कार्यालयबाट उपलव्ध गराउने । |
| ४ | निःशुल्क विक्री कक्ष उपलव्ध गराउने | खाद्य व्यवस्था तथा व्यापार कम्पनि लि. को मिति २०८१-५-२०, च.नं. ४० को पत्रानुसार उक्त कम्पनी मार्फत संचालन हुने सहुलियत मूल्य पसलको लागि तपशिल बमोजिमको स्थानमा निःशुल्क विक्री कक्ष उपलव्ध गराउने ।<br>१. वडा नं. ६ स्थित मनकामना मन्दिर परिसरको सटर<br>२. वडा नं. ९ स्थित कोसेली घरको सटर<br>३. वडा नं. १० को वडा कार्यालय भवनको भुई तल्लाको सटर |

Scanned with CamScanner

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>५</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>परिधि डिजाईन प्रा.लि</td><td>टोखा-३</td><td></td></tr>
<tr><td>२.</td><td>एन.पी कालिदास कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>३.</td><td>गुरु पेमा निर्माण सेवा प्रा.लि.</td><td>टोखा-११</td><td></td></tr>
<tr><td>४</td><td>मानसा कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-९</td><td></td></tr>
<tr><td>५</td><td>एच.बि.क.एस. निर्माण सेवा प्रा.लि</td><td>टोखा-११</td><td></td></tr>
<tr><td>६</td><td>चौरिलेक निर्माण सेवा एण्ड सप्लार्यस प्रा.लि</td><td>टोखा-९</td><td></td></tr>
<tr><td>७</td><td>रौनियार बिल्डर्स प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>८</td><td>मयंक कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>९</td><td>आर.के.डि. कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा-११</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>६</td><td>विविध</td><td>१. वडा नं. ८ स्थित नागरिक कल्याण संस्थाको विविध कार्यक्रमको लागि सहयोग उपलव्ध गराउन १५ औं नगरसभाको सि.नं. १९४ मा विनियोजित रकम मध्येबाट रकम रु. १ लाख विनियोजन गर्ने ।<br>२. वडा नं. २ स्थित चण्डेश्वरी मन्दिर परिसरको निर्माणाधिन गेटको बाँकी निर्माण कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गर्ने ।<br>३. टोखा नगरपालिका वडा नं. २ र ३ को टोखा प्राचिन वस्ती क्षेत्रमा हरेक शुक्रबार साँझ फुड फेस्टिवल आयोजना गर्ने । उक्त कार्यक्रमको उद्घाटन विश्व पर्यटन दिवसका दिन यहि असोज ११ गते शुक्रबार गर्ने । उक्त कार्यक्रमको प्रचार प्रसार एवं व्यवस्थापनको लागि हुने खर्चको सम्वन्धित वडा नं. २ र ३ का वडाध्यक्षबाट प्रमाणित विल, भर्पाई, उपस्थिति पुस्तिका, फोटोहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन लगायत अन्य खर्चको विवरण पुष्टि हुने कागजात संलग्न भए पश्चात् वडा नं. ३ का वडा सचिवलाई भुक्तानी हुने गरी १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट अधिकतम् रु. १ लाख ५० हजार रकम विनियोजन गर्ने ।<br>४. टोखा नगरपालिका भरी जडान भई मर्मत संभार गर्नुपर्ने सडक वत्तीको मर्मत संभारको लागि आवश्यक पर्ने सामाग्रीहरु सार्वजनिक खरिद कानुन बमोजिम खरिद गरी सम्वन्धित वडा कार्यालयको पत्र तथा प्राविधिकको सिफारिसको आधारमा सम्वन्धित मर्मत कर्तालाई मर्मतको लागि आवश्यक पर्ने सामाग्रीहरु जिन्सी शाखा मार्फत भर्पाई गरी बुझाई आवश्यकताको आधारमा नगरपालिका भरीका सडक वत्ती मर्मत गर्ने । मर्मतमा खटिने जनशक्तिको पारिश्रमिक चालु आ.ब. को लागि स्वीकृत दररेटको आधारमा सम्वन्धित वडा अध्यक्षले</td></tr>
</table>

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | प्रमाणित गरेको काम गरेको दिन खुल्ने डोर हाजिरीको आधारमा अन्य सेवा शुल्कमा विनियोजित रकमबाट भुक्तानी उपलव्ध गराउने ।<br>५. आ.ब. २०८०/८१ मा बागमती प्रदेश सरकारबाट सशर्त अनुदान तर्फ प्राप्त रकम मध्ये सो आ.ब. मा खर्च हुन नसकि बाँकी रहेको रकम मध्ये हाल सम्म फिर्ता गर्न नसकिएको रकम बागमती प्रदेश सरकारको संचित कोषमा १५ औं नगरसभाको सि.नं. १०७२ मा विनियोजित रकम मध्येबाट फिर्ता गर्ने<br>६. वडा नं. ६ को कार्यालय भवनको तलालाई सेवाग्राही मैत्री वनाउन पार्टेसन गर्ने कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु १ लाख ५५ हजार विनियोजन गर्ने ।<br>७. लायन्स क्लव अफ काठमाडौं रेसुङ्गाले प्रकाशन गरेको स्मारिकामा नगरपालिकाको सूचना मूलक सन्देश प्रकाशन गरे वापत उक्त संस्थालाई रु. २० हजार सूचना प्रकाशन खर्च वापत सहयोग उपलव्ध गराउने ।<br>८. टोखा १० स्थित प्रगतिशिल महिला टोल विकास संस्था ले आयोजना गर्ने निःशुल्क स्वास्थ्य परीक्षण तथा रक्तदान कार्यक्रम व्यवस्थापनको लागि उक्त संस्थालाई कार्यक्रम खर्च शिर्षकबाट रु. ३५ हजार उपलव्ध गराउने ।<br>९. १४ औं नगरसभाबाट आयोजना स्वीकृत(संशोधन) भई कार्यान्वयनको लागि जालपा माई टोल विकास संस्थासँग सम्झौता भएको वडा नं. ८ स्थित शान्तिवस्ती देखि पौडेलको घर सम्म रिटेनिङ्ग वाल निर्माण कार्य हाल सम्झौता बमोजिम सम्पन्न भई सकेकोले सम्पन्न भएको कार्यको प्राविधिक नापी किताव बमोजिम सम्वन्धित टोल विकास संस्थालाई भुक्तानी उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>१०.यस नगरपालिका अन्तर्गत वडा नं. १ मा कार्यरत बरिष्ठ सहायक पाँचौं श्री नवराज दुलाल को यहि मिति २०८१ भाद्र २५ गते मंगलवारका दिन असामयिक देहावसान भएकोले यस दुःखद घडीमा मृत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने । निजले कार्यालयमा पुर्याउनु भएको कार्यको उच्च कदर गर्दै मिति २०८१ भाद्र २६ गते बुधबारका दिन यस टोखा नगरपालिका कार्यालय, अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरु बन्द रहने गरी भएको निर्णयलाई अनुमोदन गर्ने । |

Scanned with CamScanner